# काठमाडौं महानगरपालिका

# आधारभूत तह परीक्षा – २०८१

## विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा

**कक्षा : ८** **पूर्णाङ्क : ५०**

**समय : २ घण्टा**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

### समूह (क)

**तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस् ।** **(९×१=९)**

१. उर्जाको कुनै एक महत्त्व लेख्नुहोस्।

२. बडघर कुन समुदायमा प्रचलित प्रचलन हो ? लेख्नुहोस्।

३. कक्षाकोठामा उत्पन्न विवाद समाधानमा तपाईंले खेल्नु भएको कुनै एक भूमिका लेख्नुहोस्।

४. प्रतिनिधि सभाको सदस्यको उम्मेदवार हुनका लागि कति वर्ष उमेर पूरा गरेको हुनुपर्छ ?

५. लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना जगाउने एक नारा तयार पार्नुहोस्।

६. सामाजिक समस्यालाई कसरी न्यूनीकरण गर्न सकिन्छ ? कुनै एक व्यवहारिक सुझाव दिनुहोस्।

७. वैदेशिक व्यापारको कुनै एक महत्त्व लेख्नुहोस्।

८. तपाईंले नेपाली नोटको जतन कसरी गर्दै आउनु भएको छ ? कुनै एक व्यवहारिक अभ्यास लेख्नुहोस्।

९. संयुक्त राष्ट्र सङ्घमा नेपालको भूमिका अझै प्रभावकारी बनाउनको लागि कुनै एउटा रचनात्मक सुझाव दिनुहोस्।

### समूह (ख)

**तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।** **(७×३=२१)**

१०. तपाईं बसोबास गरिरहेको प्रदेशको विशेषताहरू समेटी दुई जना साथीबिचको संवाद तयार पार्नुहोस्।

११. हाम्रो समाजमा रहेको विविधताको सम्मान कसरी गर्नुपर्छ ? व्यावहारिक सुझाव प्रस्तुत गर्नुहोस्।

१२. भ्रष्टाचार नियन्त्रणका कुनै तीनओटा उपाय लेख्नुहोस्।

१३. किरातकालको सामाजिक तथा आर्थिक अवस्था उल्लेख गर्नुहोस्।

१४. पृथ्वीको वार्षिक गतिका कुनै तीनओटा प्रभाव लेख्नुहोस्।

१५. भौगोलिक क्षेत्रअनुसार नेपालको जनसङ्ख्या वितरण असमान छ, किन ? आफ्नो तर्क तीनओटा बुँदामा प्रस्तुत गर्नुहोस्।

१६. साइबर अपराधबाट बच्न तपाईंले के कस्ता उपाय अपनाउँदै आउनुभएको छ ? उल्लेख गर्नुहोस्।

## समूह (ग)

**तल दिइएका प्रश्नको लामो उत्तर लेख्नुहोस्।** (४×५=२०)

१७. न्यायपालिकालाई स्वतन्त्र र निष्पक्ष राख्न के के गर्नुपर्ला ? सुझाव प्रस्तुत गर्नुहोस्।

१८. पुनर्जागरण कालमा विज्ञान, प्रविधि, कला र साहित्य क्षेत्रमा भएका कुनै पाँचओटा परिवर्तन उल्लेख गर्नुहोस्।

१९. नेपालमा पर्यटन उद्योगको महत्त्व पाँच बुँदामा प्रस्तुत गर्नुहोस।

२०. पृष्ठभरिको नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस्। ३+२ = ५

काठमाडौं र जानकी मन्दिर

*समाप्त*